टुँडिखेल वरपर विद्यमान स्मारक एवं देवस्थलहरू



लेखक

साफल्य अमात्य

प्रकाशक : काठमाडौं महानगरपालिका

रवि शाक्य

टुँडिखेल वरपर विद्यमान स्मारक

एवं

देवस्थलहरु

लेखक

साफल्य अमात्य

प्रकाशक

काठमाडौं महानगरपालिका

२०५३

विषय सूची

		पृष्ठ
१.	टुँडिखेल	१
२.	भद्रकाली	५
३.	शहीद स्मारक	१०
४.	धरहरा	१२
५.	सुन्धारा	१५
६.	संकटा	१७
७.	महांकाल	२०
८.	रानीपोखरी	२४

प्रकाशकीय

डा. श्री साफल्य अमात्यद्वारा लिखित "टुँडिखेल वरपर विद्यमान स्मारक एवं देवस्थलहरू" नामक पुस्तिकाले काठमाडौं महानगरपालिका क्षेत्रभित्रको टुँडिखेल वरपरका ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वका स्मारक एवं देवस्थलहरूबारे धेरै नै आवश्यक तथा नौला कुराहरूको जानकारी गराउन सफल हुनुभएको छ ।

यस पुस्तिकाले टुँडिखेल, भद्रकाली, शहीद स्मारक, धरहरा, सुन्धारा, संकटा, महांकाल र रानीपोखरीको महत्त्व र परिचय निकै नै सरल भाषामा रोचक ढङ्गबाट दिनुभएको छ । पाठकहरूलाई आकर्षित गर्न अति सफल यो पुस्तिका लेखी सहयोग गर्नु भएकोमा म डा. श्री साफल्य अमात्यलाई हार्दिक शुभकामना एवं बधाई दिन चाहन्छु ।

भविष्यमा पनि काठमाडौं महानगरपालिकाले महानगरपालिकाभित्र रहेका विभिन्न ऐतिहासिक एवं सांस्कृतिक स्मारकहरूबारे यस्तै पुस्तिकाहरू प्रकाशित गर्ने लक्ष्य राखिएको छ । लेखक डा. श्री साफल्य अमात्यलाई धन्यवाद छ ।

मितिः २०५३ असार ३०

पी. एल. सिंह
मेयर
काठमाडौं महानगरपालिका

भूमिका

प्राचीन सांस्कृतिक सम्पदाहरूले अति नै धनी मानिएको, विश्व सम्पदा सूचीमा समेत आफ्नो विशिष्ट स्थान ओगट्न सफल भएको काठमाडौं उपत्यकाका केही महत्त्वपूर्ण खासगरी टुँडिखेल मैदान वरपरका ऐतिहासिक तथा धार्मिक स्थल तथा स्मारकहरूको परिचय प्रकाशित गरी सर्वसाधारण जनतालाई आफ्नो राष्ट्रको केही अमूल्य सांस्कृतिक सम्पदाहरूसंग चिनापर्ची गर्ने हेतुले काठमाडौं महानगरपालिकाको आर्थिक सहयोगबाट यो सानो पुस्तिका तयार गरिएको छ । यस पुस्तिकामा टुँडिखेल, भद्रकाली, शहीद स्मारक, धरहरा, सुन्धारा, संकटा, महांकाल र रानीपोखरीको ऐतिहासिक, धार्मिक, साँस्कृतिक र कलात्मक विवरणहरू प्रस्तुत गर्ने कोशिश गरिएको छ । आशा छ पाठकहरूले रूचाउनु हुने नै छ ।

काठमाडौं उपत्यकाको सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धनमा काठमाडौं महानगरपालिकाले गर्न खोजिएका धेरै कुराहरूमध्ये यो पुस्तिका प्रकाशन पनि एक हुन् । मेयर श्री पी. एल. सिंहले यो पुस्तिका तयार पार्न मलाई प्रोत्साहित गर्नु भएकोमा म उहाँप्रति आभारी छु । यो पुस्तिका तयार गर्ने काममा मलाई सहयोग गर्ने पुरातत्त्व विभागका लिपी विशेषज्ञ श्री श्यामसुन्दर राजवंशी, वरिष्ठ फोटोग्राफर श्री पुष्पमान चित्रकार र कम्प्युटर प्रबन्धक श्री विष्णुगोपाल डंगोल र केही सामग्रीहरू दिई सहयोग गर्नु भएकोमा म महांकाल भैरवका पूजारी श्री गोपालहर्ष वज्राचार्य, पुरातत्त्वविद् सरला मानन्धर र इन्जिनीयर श्री जयचरण कस्तीलाई पनि म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

काठमाडौं
असोज २३, २०५२

साफल्य अमात्य
म्युजिमय रोड
छाउनी

टुँडिखेल

काठमाडौंको रानीपोखरीभन्दा दक्षिण भद्रकालीभन्दा पश्चिम धरहरा र सुन्धारभन्दा पूर्व र राष्ट्रिय रंगशाला र शाही जंगी अड्डाभन्दा उत्तरको विशाल एवं चाक्लो मैदानलाई टुँडिखेल भनिन्छ। "त्रिरत्न सौन्दर्यगाथा" नामक अठारौं शताब्दीको एउटा ग्रन्थमा प्रत्यांगिरादेवी र बज्रभैरवले वज्रतुण्डी देवीलाई दाइजो दिएको ठाउँ हुनाले त्यस क्षेत्रलाई तुण्डीक्षेत्र अर्थात् तुण्डीखेल भनी भनिएको हो भनी लेखिएको छ। प्राचीन बौद्धग्रन्थहरूमा टुँडिखेललाई "आगंचपा" भनी भनिएको छ। पछिबाट यस ठाउँलाई "तुंख्यो" भनी भनिन थाले किनभने परापूर्वकालमा यो ठाउँ ठूलो ढिस्कोको रूपमा थियो जहाँ जातजातका रूख, बिरूवाहरू धेरै थिए। साथै उक्त भूमिमा जमीनबाट पानी निस्की सधैं दलदल जस्तो भैरहन्थ्यो। त्यसैले यस क्षेत्रलाई "तुंगुख्यो" अर्थात् पानी भएको "ख्यो" अर्थात् चउर भएको हुनाले यस ठाउँलाई "तुंख्यो" भनी भनिएको हो। पछिबाट यो शब्द अपभ्रंश भै नेपाली भाषामा टुँडिखेल हुन गएको हो र यसै नाउँबाट यो ठाउँ प्रसिद्ध छ। उपत्यकाबासीहरू यस ठाउँलाई अझै "तुंख्यो" भन्दछन्।

एउटा प्रचलित दन्त्यकथा अनुसार कुनै एक समयमा राजा हरिदेवको राज्यकालमा भास्कर मल्ल भन्ने एक ठकुरीको केशचन्द्र नाम गरेको छोरा थियो। खराब तलमा परी केशचन्द्रले आफ्नो धेरै धन सम्पत्ति जुवामा हारे। तसर्थ उनी साह्रै दुःखी भई पशुपतिको कीर्तिमुख भैरवमा गई मागी खान थाले। एक दिन उनले आफूले भीक्षामा पाएको बासी भात नखाई घाममा फैलाई सुकाउँदै थिए। त्यतिबेला नै उनलाई झपक्क निद्रा लागे। उनी निदाएको वखत परेवाहरू आई उनले खान भनी सुकाइराखेको भात सबै खाई दिए। तर दुःखी केशचन्द्रको भात खाइसकेपछि भैरवको आज्ञा अनुसार ती परेवाहरूले त्यही नै सुनको बिष्टी छोडेर गएको सुनको बिष्टी देखे। साथै त्यहींनिर उनले गरुमापा नाम गरेको एक राक्षस पनि बसिरहेको देखे। पहिले त उनी त्यो राक्षसलाई देखी डराएका थिए तर उनले आफूलाई काबुमा राखी गुरूमापालाई काका भनी सम्बोधन गरी आफ्नो वशमा पारे। परेवाहरूले छोडेर गएको सुनको थुप्रो आफूले बोक्न नसक्ने हुनाले केशचन्द्रले गुरुमापालाई त्यो सुनको भारी बोकेर घरसम्म पुऱ्याई दिन उनीलाई फकाउन थाले। सुनको भारी घरसम्म पुऱ्याई दिएमा उनलाई त्यस शहरका मरेका केटाकेटीहरू खान दिने बाचा पनि दिए। तर कहिलेकाहीं बाबुआमाहरूले आफ्नो केटाकेटीहरूले धेरै दुःख र कचकच गर्दा "तिमीहरुलाई गुरुमापाले लैजान्छ" भनी तर्साउने गर्दथ्यो। यसरी तर्साउँदा समेत ती केटाकेटीहरूलाई गुरुमापाले उठाएर लैजान्थे। यसरी आफ्ना केटाकेटीहरूलाई गुरुमापाबाट सुरक्षित गर्न अभिभावक(बाबुआमाहरू)हरूले केशचन्द्रलाई यसबारे केही गर्नु पऱ्यो भनी

अनुरोध गरे । अभिभावकहरूको अनुरोधमा केशचन्द्रले गुरुमापासंग एउटा सम्झौता गरे । जस अनुसार केशचन्द्रले आफूले भर्खरै किनेको एउटा ठूलो टुँडिखेल भन्ने खेतमा गुरुमापालाई बस्ने ठाउँ दिए र त्यो खेत सदाको लागि उनको हुने र त्यहाँ कसैले कुनै पनि कुनै प्रकारको घर बनाउने छैन भनी वचन पनि दिए । केशचन्द्रले गुरुमापालाई भोक शान्त पार्न वर्षमा एक दिन भात र राँगोको मासु मनग्य खुवाउने बाचा पनि गरे । यस अनुसार प्रत्येक वर्ष फागुको होली पूर्णिमाको राति टुँडिखेलमा गुरुमापालाई भोज खुवाउने चलन यद्यपि चली नै रहेको छ । टुँडिखेलको पूर्व दक्षिण कुनामा भद्रकालीको मन्दिर अगाडि विद्यमान गुरुमापाको रूखमा यो भोज राख्ने चलन छ ।

यो प्रचलित दन्त्यकथा अनुसार टुँडिखेल गुरुमापाको लागि केशचन्द्रले किनी दिएको बिर्ता थियो । इतिहासकार जगदीशचन्द्र रेग्मीले केशचन्द्रको दन्त्यकथामा उल्लिखत भास्कर मल्ल नुवाकोटे वैश्य ठकुरी वंशका राजा भास्करदेव नै हुन सक्ने हुनाले केशचन्द्रलाई पनि ठकुजुवंशकै मान्न सकिन्छ भनी भनेका छन् । यस आधारमा टुँडिखेलको अस्तित्व ठकुजुकाल अर्थात् एघारौंदेखि चौधौं शताब्दी मै भैसकेको हुनुपर्दछ भनी उनी भन्दछन् । तसर्थ टुँडिखेलको अस्तित्व एघारौं शताब्दीतिरै रहेको कुरा स्थानीय अनुश्रुतिमा (केशचन्द्रको कथा) पाइए तापनि यसको सबभन्दा प्राचीन प्रामाणिक उल्लेख भने "तुंखेल" को रूपमा ने.सं. ८२९ (इस्वी १७०९) को तलेजुको कोटल (पूजा भाँडो) मा भुवनलक्ष्मीको अभिलेखमा पाइएको छ ।

भीमसेन थापाको प्रधानमन्त्रीत्त्व कालमा लेखेको पुस्तक "त्रिरत्न सौन्दर्यगाथा" मा टुँडिखेल भद्रकाली नजिकै घोडाजात्रा गरिन्छ । यस जात्रामा घोडा दौडाउने चलन मल्ल राजाहरूको पालामा पनि थियो भनी लेखिएको छ । यो कुरा सत्य हो कि मल्लकालको टुँडिखेल हालको टुँडिखेलभन्दा निकै सानो, फोहर र त्यसको अधिकांश भाग रूख, बिरूवा, झारपात आदिले भरिएका थिए । त्रिरत्न सौन्दर्यगाथामा पनि भीमसेन थापाको समयभन्दा अगाडि टुँडिखेल जंगल, झारपात, काँडाले भरिएको, दिसा पिसाब गर्ने ठाउँ थियो अर्थात् फोहर ठाउँ थियो भनी उल्लेख गरेको छ । भीमसेन थापाले बागदरवार बनाएपछि यो ठाउँलाई सफा सुग्घर गरियो । उनले टुँडिखेललाई पहिले एउटा बगैंचाको रूपमा विकास गरेका थिए । यहाँ जाई, चमेली, चंपा जस्ता फूलहरूले भरिएका थिए । साथै नारंगी (सुन्तला), जामुन, दाष्ख, रूखकटहर आदि पनि टम्म लगाइएका थिए भनी उक्त ग्रन्थमा उल्लेख गरिएको छ ।

जंगबहादुरको समयमा इतिहासकार ओल्डफिल्डले देखेको टुँडिखेल २/३ माइल लामो र ३०० गज जति चौडा थियो । ओल्डफिल्डले यो टुँडिखेलको कवाज खेल्ने ठाउँ परेड ग्राउण्ड, सैनिक व्यारेकहरू र गड्डाघर आदि भीमसेन थापाले बनाएका थिए भनी

उल्लेख गरेको छ । एउटा ऐतिहासिक टिपोट अनुसार ने. सं. ९७६ (वि.सं. १९१२) मा प्रधानमन्त्री जंगबहादुरको समयमा टुँडिखेलको सिमाना विस्तार गरिएको कुरा उल्लेख गरिएको छ । प्रधानमन्त्री वीरशम्शेर र देवशम्शेरको समयमा (वि. सं. १९४१ देखि १९४८) टुँडिखेलको सिमाना अझै बृद्धि गरिएको देखिन्छ । प्राप्त एउटा कागजात अनुसार वि. सं. १९४१ देखि १९४८ मा टुँडिखेल बनाउन गुठी जग्गा सट्टा दिएको भनी उक्त कागजातमा उल्लेख गरिएको छ । इतिहासकार जगदीशचन्द्र रेग्मीको भनाइ अनुसार टुँडिखेलको आधुनिकीकरण गर्ने श्रेय प्रधानमन्त्री रणोद्दीपलाई छ । किनभने उनले वि. सं. १९३५ (इस्वी १८७८) मा धीरशम्शेर राणाद्वारा यसलाई ठूलो र व्यवस्थित (समतल) बनाउन लगाएको उल्लेख पाइन्छ ।

चन्द्रशम्शेरको समयमा सिंहदरवार निर्माण गर्दा टुँडिखेलमा पनि केही सुधार कार्यहरू गरिएको देखिन्छ । नेपाली इन्जिनीयरहरू कुमार नरसिंह राणा र किशोर नरसिंह राणाहरूले तालीम हासिल गरी जापानबाट फर्कंदा निकै राम्रा राम्रा बोट, विरूवाहरू ल्याएका थिए । ती मध्ये हाल अति दुर्लभ मानिने चीन र जापानतिर मात्र पाइने Jinkobiloba (Fossil Plant) का केही रूखहरू पनि टुँडिखेल र वरपर लगाएका थिए । जसमध्ये त्यस जातका दुई वटा रूखहरू अझै संचय कोषको पुरानो भवन अगाडि टुँडिखेलको पश्चिम किनारामा जीवित नै छन् ।

टुँडिखेलको हालको रूप वि. सं. २०२८ सालभन्दा केही अघि श्री ५ महेन्द्रको राज्यकालमा विकसित गरिएको हो । त्यसै समयमा टुँडिखेलको करिब मध्यभागमा अवस्थित "खरिको बोट" नामक एक ऐतिहासिक चौतारो पनि भत्काइयो । त्यस चौतारोमा बसी कैयन् राणा प्रधानमन्त्रीहरूले राज्य प्रशासनका अति महत्त्वपूर्ण ऐतिहासिक निर्णयहरू जनसमक्ष ल्याएका थिए । यही चौतारामा बसी चन्द्रशम्शेरले २८ डिसेम्बर १९२४ मा नेपाल अधिराज्यबाट दासत्व मोचन गर्ने घोषणा गरेका थिए । वि. सं. २०२८ सालसम्म यही चौतारो माथि बसी शाह राजाहरू र अन्य गण्यमान्य व्यक्ति तथा विदेशी पाहुनाहरूले राष्ट्रिय पर्वहरू, उत्सवहरू हेर्ने गर्दथे । हालसम्म पनि सबैजसो ठूल्ठूलो राष्ट्रिय पर्व तथा उत्सवहरू जस्तै प्रजातन्त्र दिवस, संविधान दिवस, श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव, बडा दशैंको बँढाई र कवाज, घोडाजात्रा, शिवरात्रिको बँढाई आदि टुँडिखेलमा नै हुने गर्दछ । यी कार्यक्रमहरू हिजोआजको खरिको बोटको चौतारा अगाडि नभै नयाँ बनेको शाही सैनिक मञ्च अगाडि हुने गर्दछ ।

नेपालको धार्मिक, सांस्कृतिक र राजनैतिक परम्परा र इतिहासको साक्षी स्वरूप रहेको कुनै बखत एशियाको सबैभन्दा ठूलो परेड ग्राउण्ड भनी नाम कहलिएको टुँडिखेल काठमाडौं उपत्यकाभित्र विद्यमान सबैभन्दा ठूलो हरियाली खुलाक्षेत्र हो । चारैतिर विभिन्न जातका

रूख बिरूवाहरूले श्रृंगारिएको, उत्तरमा विशाल रानीपोखरी र घण्टाघर, पश्चिममा सुन्धारा, धरहरा र महांकालको मन्दिर र पूर्वमा भद्रकालीको मन्दिरले शोभायमान बनाएको टुँडिखेल काठमाडौंभित्र आउने जोसुकै व्यक्तिको लागि पनि एउटा ठूलो आकर्षणको केन्द्र बन्न पुगेको छ । वि. सं. २०२८ सालपछि यो विशाल टुँडिखेललाई रत्नपार्क, शाही सैनिक मञ्च, खुलामञ्च र शहीद स्मारकले केही साँगुरो बनाए तापनि यसको सौन्दर्य र भव्यतामा भने खास असर परेको छैन भनी भन्न सकिन्छ ।

सन्दर्भ ग्रन्थ तथा पुस्तक, पुस्तिकाहरू:

१. अमात्य, साफल्य (सम्पादक), **स्रोत पुस्तिका माला नं. ३**, राष्ट्रिय इतिहास निर्देशन समिति, पुरातत्त्व विभाग, काठामाडौं, २०४५, पेज १० ।

२. श्रेष्ठ, कृष्णप्रसाद (सम्पादक), **स्थाननाम कोश**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, २०४४, पेज ४९ ।

३. बज्राचार्य, धनबज्र (सम्पादक), **त्रिरत्न सौन्दर्यगाथा**, काठमाडौं, २०१९, पेज ५८, २५७ ।

४. रेग्मी, जगदीशचन्द्र, **काठमाण्डू शहर**, सांस्कृतिक अध्ययन भाग १, काठमाडौं, २०५१, पेज ३८, ३९, १९३ ।

५. Locke, John. K., **Buddhist Monastries of Nepal: A Survey of the Bahas and Bahis of the Kathmandu Valley, Kathmandu, 1988, pp 289-90.**

६. वज्राचार्य, गौतमबज्र, **हनूमान्ढोका राजदरवार**, काठमाडौं २०३३, पेज २४७ ।

७. श्री ५ को सरकार, संचार मन्त्रालय, सूचना विभाग, **मेचीदेखि महाकाली**, भाग २, काठमाडौं, २०३१, पेज ७३७ र ७३८ ।

८. Oldfield, Ambrose H., **Sketches from Nepal**, Vol. I and II, Delhi, 1974 (Reprinted), Vol. I pp 108 and Vol. II, p 322.

९. वज्राचार्य, बद्रीरत्न, **न्हापायापिं प्रसिद्ध वज्राचार्यपिं**, (नेवारी), काठमाडौं, २०४६, पेज १९ ।

१०. केही तथ्यहरू डा. समरबहादुर मल्ल (भू. पू. महानिर्देशक, वनस्पति विभाग) र श्री नरहरि दवाडी, जैसीदेवलबाट पनि प्राप्त भएको छ ।

भद्रकाली

टुँडिखेलको पूर्व दक्षिण कुनामा एउटा सानो ढिस्कोमा भद्रकालीको मन्दिर छ। भद्रकालीलाई काठमाडौंका बासिन्दाहरू खासगरी नेवार समुदायका मानिसहरूले लुँमधि अजिमा भनी भन्दछन्। एउटा हस्तलिखित ग्रन्थ अनुसार कुनै समयमा काठमाडौं शहरका अष्टमातृका पीठहरू सबै नदीभित्र थिए। यी पीठहरूमध्ये मूल वैष्णवी पीठ थियो। इशाको सातौं शताब्दीका प्रसिद्ध तान्त्रिक वज्राचार्य शाश्वत बज्रले कालिको साधना गरी यही वैष्णवी पीठमा स्थापना गरेपछि यस पीठलाई वैष्णवी पीठ नभनी भद्रकाली पीठ भनी भनिन थाले।

श्री भद्रकाली (लुँमधि अजिमा) को नेपाल प्रवेश र श्री भद्रकाली पीठको स्थापनाबारे प्रचलित कथा यस्तो छ। परापूर्वकालमा एकपटक काठमाडौं र पाटन बीच ठूलो युद्ध भयो। यस युद्धमा मरेकाहरूलाई जलाउन नसकेको हुनाले लाशहरूको ठूलो डुंगुर त्यसै परिरहचो। जुन ठाउँ अझै थापाथलीमा दोंला अजिमा पीठ भनी प्रसिद्ध छ। यी दुवै देश बीच चलिरहेको युद्ध शान्त पार्न शाश्वत बज्रले कामारू कामाक्षा पीठमा गई श्री भद्रकाली देवीलाई पूजापाठ, जप, तप गरी खुशी तुल्याई देवीलाई एउटा कलशमा राखी नेपालमा ल्याए। पहिले शहर बाहिर पर्ने हाल राष्ट्रिय नाचघर रहेको ठाउँ जमलनिर शाश्वत बज्रले आफूले साधना गरी ल्याएको देवीको कलः अर्थात् पूजा राख्ने भाँडो एउटा रूखमा झुण्डयाई आफू देवीलाई लावालस्कर सहित शहर भित्र्याउन मानिसहरूलाई खबर गर्न गए। यतातिर रूखमा झुण्डयाई राखेको पूजा भाँडोबाट कालिका सानी केटीको रूप धारण गरी बाहिर आई रूँदै रूँदै यताउति भौंतारिन थाले। सोही बखत मल बोकी तुप्या नवलिंग (हालको टोखा भद्रकाली) निरको आफ्नो खेततिर जाँदै गरेको एक किसानले बाटोमा यसरी रूँदै गरेकी केटीलाई देखे। रूँदै गरेकी केटीलाई तिम्रो आमाबाबु को हुन् भनी सोद्धा पनि तिनी केही जवाफ नदिई रूँदै रहिन्। त्यो देखी किसानले ती केटीलाई के तिमी मसंग आउँछौ भनी सोधे। केटीले पनि टाउको मात्र हल्लाई "हुन्छ" भनी स्वीकारे।

किसानले आफूले बोकी ल्याएको आधा खर्पन मल भूईंमा फ्याली त्यही खाली खर्पनमा केटीलाई राखी अर्कोतिर चिउरा र जाँडको घ्याम्पो राखी केटीलाई बोक्दै खेततिर लागे। खेतमा पुग्नासाथ सानी केटीलाई निद्रा लागेछ। किसानले पनि सानी केटीलाई आफ्नो बलेचा (खेतको सानो घर) मा लगी केटीको आधा शरीरमा छायाँ पर्ने गरी सुताई आफू खेतमा काम गर्न गए। खाना खाने समयमा किसान काम रोकी खाजा खान बलेचामा आए। बलेचामा उनले केटीलाई देखेन र खाजा पनि देखेन। केटी कहाँ गयो होला भनी उनले यताउति खोज्न थाले। त्यति नै बेला केटीले आफ्नो बालिकाको रूप छोडी कालिकाको रूपमा किसानलाई दर्शन दिए। कालिकाको दर्शन र प्रसाद पाइसकेपछि चाँडै नै काम छोटचाई खुशी भई किसान आफ्नो घरतिर फर्के। यतातिर शाश्वत बज्र शहर बासीहरूलाई जम्मा गरी कालिकालाई स्वागत गरी शहर भित्र्याउन भनी जमल आइपुगे। आफूले साधना गरी ल्याएको रूखमा झुण्डयाई गएको पूजा भाँडो रूखबाट खसी छ्याल-व्याल भैरहेको देखी शाश्वत बज्र र जनसमूह बडो आश्चर्य चकित भए। त्यतिबेला कालिकाको दर्शन पाई खेतबाट फर्की रहेको किसानले त्यहाँ मानिसहरूको हूल देखी के भएछ भनी सोध्दा कालिका साधन गरी ल्याएको हराएको कुरा सुने। त्यो कुरा सुनी किसानले पनि आफूलाई कालिकाले दर्शन दिएको सम्पूर्ण वृत्तान्त जनसमूहलाई भने। त्यो कुरा सुनी शाश्वत बज्र सम्पूर्ण जनसमुदाय लिएर तुप्या नवलिंगतिर कालिकालाई खोज्न गए। तुप्यामा कालिकाले पुनः कालिकाको रूपमा सबैलाई दर्शन दिए। बालिका रूप लिएकी कालिकालाई शहर भित्र्याउन अनेकन किसिमबाट फकाउँदा कोशिश गर्दा पनि सफल भएन। बल्ल तल्ल लुँमधि (सुनको रोटी) दिने छुँ भनी चित्त बुझाई रातारात नै कालिकालाई शहर भित्र्याए। कालिकालाई सुनको रोटी दिन्छु भनी फकाएर ल्याएको नवलिंगमा कालिका पीठ भन्ने ठाउँ अझै छँदैछ। त्यसैले यी कालिका भद्रकालीलाई लुँमधि (सुनको रोटी) भनी चाँवलको चतामरी (रोटी) मा बेसार दली पँहेलो पारी चढाउने चलन यद्यपि छ।

बागमती पारि पाटनतिरबाट युद्ध गर्न आएकाहरूले कोपुण्डोलको हालको कानदेवतास्थाननिर नपुग्दै श्री कालिका काठमाडौं शहरभित्र ल्याई पुऱ्याएको खबर पाए। यो खबर सुन्नासाथ तिनीहरू भागाभाग भए। युद्ध रोकियो र शान्ति स्थापना भयो। यिनै श्री कालिका टुँडिखेलको किनारामा पर्ने वैष्णवी पीठमा अन्तर्ध्यान हुनु भएको हुनाले यस स्थानको नाम भद्रकाली रहन गएको हो। पहिले यो पीठको मूल देवी वैष्णवी हुँदा यसको मुख्य बाटो उत्तर दक्षिण थियो र पछि यो पीठको मुख्य देवी भद्रकाली भएपछि यसको मुख्य बाटो पश्चिम पूर्व हुन गएको हो।

भद्रकाली पीठलाई "लज्जा पीठ" भनी भन्दछ। यिनी श्री वज्रतुण्डी, श्री प्रत्यांगिरा, श्री विशाला नामबाट पनि प्रख्यात छिन्। काठमाडौंको पाँच मुख्य कालिका (चामुण्डा)

हरूमध्ये भद्रकाली अथवा लुँमधि अजिमा पनि एक हुन् । भाषा वंशावली अनुसार कान्तिपुरी नगरीको निर्माण गरिसकेपछि राजा गुणकामदेवले उक्त शहरको रक्षार्थ पूर्व दिशामा लुँमधि (भद्रकाली माहेश्वरी) को स्थापना गरेका थिए । लिच्छविकालमा विभिन्न दिशाहरूमा पीठहरू स्थापना गरी त्यतिबेलाको काठमाडौं (अर्थात् कोलिग्राम र दक्षिण कोलिग्राम) को इलाकालाई निर्धारण गरेको देखिन्छ । त्यतिबेला काठमाडौं शहरको पूर्वी फैलावट भद्रकाली पीठसम्म मात्र थियो भन्न सकिन्छ । साधारणतया शहरको सिमानामा कुल देवता (दिगुद्यो) स्थानहरू स्थापना गर्ने प्रचलनले पनि यस कुराको पुष्टि गर्दछ । किनभने भद्रकाली स्थानको ठूलो प्राङ्गणको पश्चिम र पूर्वमा करिब एक दर्जनभन्दा बढी नेवार समुदायको कूलदेवता स्थानहरू छन् ।

पश्चिममा भिमुखी श्री भद्रकालीको मन्दिरमा पुग्न पश्चिमतिर रहेको केही सिंढी चढ्नु पर्दछ । भद्रकालीको मन्दिर ठूलो प्राङ्गणको पूर्व दक्षिण कुनामा छ । प्राङ्गणको उत्तर, पूर्व र दक्षिण तीनतिर सत्तल र धर्मशालाहरू छन् । मन्दिरको प्राङ्गणको शिरैमा बाँयातर्फ एउटा गणेशको सानो मन्दिर छ । गणेशको स्थापना मल्लकालमै भएको हुनुपर्दछ । मन्दिरको प्रवेश द्वारमा दाँया बाँया प्रस्तरका सिंह मूर्तिहरू छन् । त्यहाँ रहेको ने. सं. ६९८ (वि.सं. १७३) को अभिलेख अनुसार ती सिंहहरू जयनृपेन्द्र मल्लको समयमा वीरभद्र भारोले स्थापना गरेका हुन् । सिंहको ठीक अगाडि बेतालको शिलामूर्ति छ । बेताल भैरवको बाहन तथा आसन हो । सबै पीठ अगाडि बेताल सुती राखेको हुन्छ । मन्दिरको पुरानो काठको प्रवेश द्वार बिग्रेपछि २०३८ सालमा सिमेन्ट ढलान गरी अर्को प्रवेश द्वार राखिएको हो । मन्दिरको चारैतिर चाकःमत अर्थात् दीयो सहितको रेलिंग दुई तहमा मिलाई राखिएको छ । मन्दिरको चारैतिर ठूलो सानो गरी दर्जनौं ढलौटका घण्टाहरू छन् । मुख्य मन्दिरको कुनै खास वास्तुकला छैन । नेपालको प्रसिद्ध गुहेश्वरी देवीको मन्दिर झैं यो एउटा चौरैतिर खुला तर कलाकृतिहरूले भरपूर श्रृंगारिएको देवस्थल हो । मन्दिरको कुनै छाना छैन । र खुला आकाशमुनि चारवटा सुन मोलम्बा गरेका पित्तल पाटाको कलात्मक नागहरूले सुन मोलम्बा गरेको पित्तल पाटाकै चारकुने चदुँवालाई समाई राखेको छ । चदुँवा माथि गजूर पनि छ ।

मुख्य प्रवेशद्वारभित्र पस्नासाथ एकजोडी ध्वजा समाती राखेका ढलौटका सिंह मूर्तिहरू देखिन्छन् । देवीको शिलामूर्ति अगाडि स-साना ढलौटका सिंहरू, ढलौटकै ध्वजाहरू सुन मोलम्बा गरेका पित्तल पाटाको तोरण र किकिंपाहरू छन् । देवीको मुख्य पित्तल पाटाको तोरणमा नौ टाउके नाग छ । यो सुन मोलम्वा गरेको कलात्मक नागको तोरणमा अष्टमातृका देवीहरूको मूर्तिहरू पनि कुँडिएको छ । उक्त तोरण वि. सं. १९०८ मा जनरल बमबहादुर कुँवरले राखेका हुन् । तोरणको ठीक माथि सुन मोलम्बा गरेको नागको एउटा अर्को छत्र पनि छ । देवीको ठीक पछाडि प्रस्तरको ठूलो तोरण र छत्र पनि

छ । पित्तल पाटाको देवदेवी कुँडिएको कलात्मक तोरणको दायाँ बायाँ पित्तल पाटाकै चन्द्र, सूर्य अंकित ध्वजाहरू छन् । मन्दिरको मुख्य प्राङ्गणभित्र बायाँतर्फ कुमारी, भैरव, विष्णु, बाराही र दायाँतर्फ सिंहिनी, कुमार, गणेश र ठीक सामुन्ने व्याघ्रिनीको शिलामूर्तिहरू छन् । देवीको दायाँ एउटा लामो प्रस्तरको खड्ग छ भने बायाँतर्फ फलामको त्रिशूल राखिएको छ ।

सांस्कृतिक तथा कलात्मक सम्पदाहरूले निकै धनी भद्रकाली मन्दिरको प्राङ्गणमा पुरानो र नयाँ गरी करिब एक दर्जन शिलापत्रहरू छन् । हालसम्म प्राप्त शिलापत्रहरूमा सबैभन्दा प्राचीन ने. सं. ७९२ (वि. सं. १७२९) को राजा प्रताप मल्लको समयको देखिन्छ । सत्तल जिर्णोद्धार गरेको सम्बन्धमा राखिएको यस अभिलेखले भद्रकालीको प्राचीनतालाई प्रमाणित गर्दछ ।

पण्डित बद्रीरत्न वज्राचार्यको भनाइ अनुसार भद्रकाली पीठमा तवहोम गर्ने चलन राजा रत्न मल्लको समय ने. सं. ५९४ (वि. सं. १५३१) देखि चलेको हो । यो होम गर्ने गुठीको स्थापना र परम्परा राजा रत्न मल्लले शुरू गरेको भए तापनि यसको श्रेय भने राजा यक्ष मल्ललाई दिने गरेको छ । यो होम प्रत्येक वर्ष पिसाच चतुर्दशीको राति भद्रकाली मन्दिरको चोकको पश्चिममा रहेको होमकुण्डमा गरिन्छ । यस होममा राँगोको टाउको होम्ने चलन छ । यसै दिन राति देवीको खत जात्रा गर्ने पनि चलन छ । राजा रत्न मल्लको समय ने. सं. ६०५ (वि. सं. १५४२) देखि शुरू भएको भद्रकालीको नाच जुन नाचमा अष्टमातृका गणहरूले नृत्य गर्दछन् । उक्त नाच प्रत्येक १२/१२ वर्षमा नचाइने चलन यद्यपि चली नै रहेको छ । यो नाच चलेको वर्षमा बडा दशैंको विजया दशमीको राति काठमाडौंको मखन टोलको सिंह दुवातमा गद्दीनसीन श्री ५ महाराजाधिराज सरकार र श्री भद्रकाली देवीको खड्ग साट्ने जात्रा गरिन्छ । यो जात्रा पछिल्लो पटक २०४८ सालमा भएको थियो ।

भद्रकाली स्थानको निर्माण, मर्मत, जिर्णोद्धार र भद्रकाली मन्दिरलाई कलात्मक वस्तुहरूले श्रृंगार्ने कामको शुरूवात प्राप्त अभिलेखहरू अनुसार राजा प्रताप मल्लको समयमा ने. सं. ७९२ (वि. सं. १७२९) देखि भैरहेको प्रमाण पाइन्छ । उक्त अभिलेखमा राजा प्रताप मल्लको समयमा राम दैवज्ञ, मोहोनभारो आदिले सत्तल (चपार) जीर्णोद्धार गरेको कुराको उल्लेख छ । यसरी राजा नृपेन्द्र मल्लको समय ने. सं. ७९८ (वि. सं. १७३४) र ने. सं. ८०० (वि. सं. १७३६), राजा पार्थिवेन्द्र मल्लको समय ने. सं. ८०६ (वि. सं. १७४३) र ने. सं. ८६७ (वि. सं. १८०४) मा मन्दिरमा जीर्णोद्धारहरू भएको र अन्तिम मल्ल राजा जयप्रकाश मल्लको मन्त्री अमात्य जोरावर सिंहले लुँधिमा धर्मशाला बनाई राति दीपमाला बाल्ने गुठी स्थापना गरेको कुराको उल्लेख छ । ने. सं. ८९० (वि. सं. १८२७), ने. सं. ९७५ (वि. सं. १९११) मा तेजनारा भारोले चौघेरा सत्तल बनाएको, ने.

सं. ९८६ (वि. सं. १९२२) मा आफ्ना पिता जसरामले बनाएको सत्तलको जीर्णोद्धार गरी फलेचा बनाएको हर्षरामको शिलालेख छ । ने. सं. ९९१ (वि. सं. १९२७) मा पनि यस किसिमका मर्मत, सुधारका कार्यहरू भएको देखिन्छ ।

वि. सं. २०१५ सालमा श्री ५ महेन्द्रले भद्रकालीको जीर्णोद्धार गरी बाहिरतर्फको पेटीहरू नवनिर्माण गरिबक्सेको थियो । वि. सं. २०३८ सालमा काठमाडौंमा एक तण्डुकार परिवारले पनि मन्दिरमा सुधारका कार्यहरू गरेको भन्ने कुरा मन्दिर प्राङ्गणमा रहेका अभिलेखहरूले पुष्टि गर्दछ । वि. सं. २०५१ सालमा मन्दिरको मर्मत सुधार गरी का.न.पा. ११ वडाले मन्दिरको इलां (चँदुवा) को मर्मत गरेको थियो ।

यसरी मल्लकालको शुरूवातदेखि प्रसिद्धि पाइरहेको श्री भद्रकाली मन्दिरको पूर्व दक्षिण कोणमा एउटा चैत्य पनि स्थापना गरिएको छ । काठमाडौंका सम्पूर्ण जनता चाहे तिनी हिन्दू धर्मावलम्बी होस् वा बौद्ध दुवै धर्मावलम्बीहरूले उत्तिकै मान्ने, श्रद्धा भक्ति गर्ने श्री भद्रकाली नेपालीहरूको धार्मिक र सांस्कृतिक सहिष्णुताको प्रतीक मात्र नभै प्रेरणाको स्रोत पनि हो भनेमा कुनै अत्युक्ति नहोला ।

प्रत्येक वर्ष बडा दशैंको बेला र पिसाच चतुर्दशीको दिनमा यहाँ ठूलो मेला लाग्ने गर्दछ ।

सन्दर्भ ग्रन्थ, पुस्तक, पुस्तिका तथ पत्र-पत्रिकाहरू:

१. वज्राचार्य, धनबज्र, (सम्पादक), **त्रिरत्न सौन्दर्यगाथा**, काठमाडौं, २०१९, पेज ५७ ।

२. श्रेष्ठ, कृष्णप्रसाद (सम्पादक), **स्थाननाम कोश**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, २०४४, पेज १४१ ।

३. National Archives, Nepal, **A Report on the Survey and Study of Newari Script**, (Unpublished), Kathmandu, 1995, No. 129.

४. राजवंशी, शंकरमान, **कान्तिपुर शिलालेख सूची**, राष्ट्रिय अभिलेखालय, काठमाडौं, २०२७ पेज १०२ १०४, ११९, १२१,१२८ र १६१ ।

५. बज्राचार्य, बद्रीरत्न, **न्यापायापिं प्रसिद्ध बज्राचार्यपिं**, (नेवारी), काठमाडौं, २०४६ पेज १८ र १९ ।

६. बज्राचार्य, बद्रीरत्न, **श्री भद्रकालीका (लुँमधि अजिमा) या वंशावली**, (नेवारी), काठमाडौं, ने. सं. ११०७ (वि. सं. २०४३) ।

नेपाल स्मारक (शहीद स्मारक)

एकतन्त्रात्मक एवं तानाशाही राणा शासकहरू बिरुद्ध प्रजातन्त्रको लागि संघर्ष गर्ने स्वर्गीय श्री ५ त्रिभुवन र चारजना शहीदहरू गंगालाल, दशरथ चन्द, शुक्रराज र धर्मभक्तको संझनामा भद्रकाली अघिल्तिर माझ सडकमा टुँडिखेलको दक्षिणतर्फ निर्मित यो संगमर्मरको नेपाल स्मारकको उद्घाटन स्वर्गीय श्री ५ महेन्द्रबाट २०१८ साल वैशाख १ गते वृहस्पतिवारका दिन भएको थियो । यो नेपाल स्मारक पछि गएंर शहीद स्मारकको नामले प्रसिद्ध भयो । राजकीय भ्रमणमा नेपाल आउने विशिष्ट सरकारी अतिथिहरूले यहाँ माल्यार्पण गरेर शहीदहरूको स्मृतिमा श्रद्धाञ्जलि गरी मौनधारण गर्ने परम्परा बनेको छ ।

१०४ वर्षसम्म राणा शासकहरूले राष्ट्रलाई नै आफ्नो पेवा झैं निरंकुश तरिकाबाट राज्य गरिरहेको हुनाले २००७ सालमा राष्ट्रपिता श्री ५ त्रिभुवनले आफ्नो गाठगद्दी त्यागी राणा शासकहरूको बिरुद्ध उठेको जनक्रान्तिलाई नेतृत्व प्रदान गरी देशमा प्रजातन्त्रको प्रादुर्भाव गरिबक्सेको थियो । यसरी नै १९९७ सालमा राणा शासनको बिरुद्ध राजनैतिक क्रियाकलापहरू गरे भनी गंगालाल, दशरथ चन्द, शुक्रराज र धर्मभक्तलाई ज्यान सजायँ दिएका थिए । गंगालाल, दशरथ चन्दलाई गोली हानी मारेका थिए भने शुक्रराज र धर्मभक्तलाई रूखमा झुण्डयाई मारेका थिए ।

शहीद गंगालालको जन्म वि. सं. १९७५ मार्ग २५ गते पूर्व २ नं. रामेछाप जिल्लामा भएको थियो । शहीद दशरथ चन्दको जन्म वि. सं. १९६० आषाढ १९ गते बैतडी जिल्लामा भएको थियो । शहीद शुक्रराज शास्त्रीको जन्म वि. सं. १९५० भाद्र ४ गते भारतको बनारसमा भएको थियो । शहीद धर्मभक्तको जन्म वि. सं. १९६६ आश्विन ९ गते



काठमाडौंको ओमबहाल टोलमा भएको थियो । गंगालालले वि. सं. १९९७ माघ १२ गते शहादत प्राप्त गरेका थिए । दशरथ चन्दले वि. सं. १९९७ माघ १६ गते शहादत प्राप्त गरेका थिए । शुक्रराजले वि. सं. १९९७ माघ १० गते र धर्मभक्तले वि. सं. १९९७ माघ १३ गते शहादत प्राप्त गरेका थिए ।

नेपालमा प्रजातन्त्रको लागि त्याग, तपस्या र बलिदान दिने अमर शहीदहरूको संझनामा निर्माण गरिएको यो शहीद स्मारकको सबैभन्दा माथिल्लो खोपामा राष्ट्रपिता श्री ५ त्रिभुवनको कमरसम्म देखिने शालिक छ । यो शालिक पूर्वतर्फ फर्केको छ । स्वर्गीय श्री ५ त्रिभुवनको खोपाको ठीक मुनि दायाँतर्फ शहीद धर्मभक्त र शहीद शुक्रराजका शालिकहरू छन् । श्री ५ त्रिभुवनको खोपाको बायाँतर्फ मुनि शहीद दशरथ चन्द र गंगालालका शालिकहरू छन् । यी शालिकहरूमध्ये दशरथ चन्द र धर्मभक्तले पश्चिम फर्केको छ भने गंगालाल र शुक्रराजले पूर्व फर्केको छ ।

शहीद स्मारकको मौलिक डिजाइनर ई. शंकरनाथ रिमाल थियो तर यो स्मारकको निर्माण कार्यको सम्पूर्ण रेखदेख भने उनका भाइ ई. गौरीनाथ रिमालले गरेका थिए । स्वर्गीय श्री ५ महेन्द्र स्वयंले यस स्मारकको निर्माणमा ठूलो रूचि राखिबक्सेको थियो । यो स्मारकको विस्तृत धारणा पनि स्वयं श्री ५ महेन्द्रको थियो । करिब ४० फीट अग्लो यो स्मारकको मध्यभाग आर्चमुनि उत्तरमा २००७ साल कार्तिक २५ गतेका दिन श्री ५ त्रिभुवनले राजपरिवारका अन्य सदस्यहरूसंग नेपाल भूमि छोडी भारततर्फ प्रस्थान गर्न गौचर एयरपोर्टतिर जाँदा मोटरमा सवारी भएको दृश्य, पूर्वमा श्री ५ त्रिभुवन २००७ साल फागुन ४ गतेका दिन भारतबाट आफ्ना परिवारका साथ नेपाल फर्कंदा गौचर हवाई अड्डामा हवाई जहाजवाट आर्लेको दृश्य, पश्चिममा देशबासी जनता, मन्दिर, घर आदिको दृश्य र दक्षिणमा सिंहदरवारको दृश्य भएको धातुको खोपी बनाएको चौकुना आधारको एउटा Slab छ । यस स्मारकमा स्थापना गरिएका सम्पूर्ण शालिक तथा कलाकृतिहरू लगनटोल, काठमाडौंका प्रसिद्ध कलाकारबन्धुहरू बाबुकाजी तुलाधर र बालकृष्ण तुलाधरले बनाएका थिए ।

नेपालको इतिहासमा श्री ५ त्रिभुवनले देशमा प्रजातन्त्र स्थापना गरी आफ्नो नाम स्वर्ण अक्षरमा लेखाएको छ भने यी चार अमर शहीदहरूले प्रजातन्त्रको लागि आफ्नो ज्यान बलिदान दिएर सम्पूर्ण नेपालीको हृदयमा नेपाल रहुन्जेल आफ्नो नामको छाप छोडेर गएको छ । तसर्थ यो शहीद स्मारक नेपालको अति महत्त्वपूर्ण आधुनिक ऐतिहासिक स्मारक हो भनी भनेमा कुनै अत्युक्ति हुने छैन ।

धरहरा

मनोरम काठमाडौं उपत्यकाको श्रीपेच झैं सधैं आफ्नो भव्यताको प्रदर्शन गरिरहने यो सेतो मीनारलाई धरहरा अथवा भीमसेन स्तम्भ भन्दछ । उपत्यकाभित्र पस्ने जोसुकैले पनि सवैभन्दा पहिलो देख्ने यो एउटा ऐतिहासिक स्मारक हो । काठमाडौंको टुँडिखेलको दक्षिण पश्चिम किनारामा पर्ने उपत्यकाको प्राय: सबै ठाउँबाट देख्न सकिने यो धरहरा नेपाल अधिराज्यको एउटै मात्र मीनार वास्तुकलामा निर्माण गरिएको स्मारक हो भन्दा कुनै अत्युक्ति नहोला । वास्तवमा भन्ने हो भने यो स्मारकले विश्वमा नै काठमाडौं उपत्यकालाई चिनाउन ठूलो टेवा पुऱ्याएको छ ।

धरहराको मूल ढोकामाथि राखिएको ताम्रपत्र अनुसार यो स्मारक वि. सं. १८८२ (इस्वी १८२५) मा महारानी ललितत्रिपुरा सुन्दरीदेवीले बनाउन लगाएकी हुन् । त्यसबेला नेपालका सर्वेसर्वा प्रधानमन्त्री जनरल भीमसेन थापा थिए । उनकै रोहवरमा यो इमारतको निर्माण कार्य सम्पन्न भएको हुनाले पछि गएर यसलाई भीमसेन स्तम्भ भनेको हुनुपर्दछ । कुन प्रयोजनको लागि यो स्मारक निर्माण गरेका थिए भन्ने कुरा अझै यकीनका साथ कसैले पनि भन्न सकेका छैनन् । तर बेला बखतमा राणाकाल र पछिसम्म पनि सैनिक र प्रशासनिक सूचनाहरू दिन र भेलाहरू गराउन यो इमारतवाट बिगुल वजाउने चलन थियो । तर हिजोआज त्यो चलन हराउँदै गएको छ । राष्ट्रिय पर्वहरूमा भने हिजोआज त्यस स्मारकलाई प्रज्ज्वलित गरी दीपावली गर्ने चलन चलेको छ ।



भीमसेन थापाले नेपाल राष्ट्रको गरिमा र गौरव बढाउन निर्माण गरेको यो स्मारकलाई उनको राष्ट्रप्रेम, राजभक्ति र महत्त्वाकांक्षाको प्रतीक मानिन्छ । यो धरहरामा ईस्वी १८५६ मा वज्रपरी भत्किंदा इस्वी १८६९ मा यसको जिर्णोद्धार गरिएको थियो । इस्वी १९३३ (वि. सं. १९९०) को महाभूकम्पमा यो नौ तल्ला भएको धरहराको पाँच तल्ला भत्की तलको चार तल्ला मात्र वाँकी रह्यो । वि. सं. १९९२ साल आश्विनमा तत्कालीन प्रधानमन्त्री जुद्धशम्शेरले चार

तल्ला बाँकीमध्ये पनि अर्को एक तल्ला भत्काउन लगाई पुनः साविक बमोजिम नौ तल्लासम्म नै बनाई सातौ तल्लामा बार्दली राखी अति राम्ररी पुनर्निर्माण गरे । धरहराको सबैभन्दा माथिल्लो तल्लामा एउटा शिवलिंग राखिएको र टुप्पामा गजूर पनि रहेबाट यो स्मारक धार्मिक दृष्टिकोणले पनि महत्त्वपूर्ण रहेको छ ।

धरहराको उचाई जमीन सतहबाट गजूरको टुप्पासम्म जम्मा ६१.८८ मिटर (अर्थात् २०३ फीट) छ । धरहराको गजूर मात्र ५.३२ मिटर (साढे सत्र फीट) अग्लो छ । पूर्वतिर फर्केको स्मारक हुनाले यसभित्र पस्ने ढोकाहरू पनि पूर्वतर्फ नै छन् । धरहरालाई चारैतिरबाट गोलाकार ३.२ मिटर उचाइ भएको हाता पर्खालले घेरेको छ । सो हाता पर्खालमा जम्मा ५६ वटा खम्बाहरू छन् । यो पर्खाल यूरोपेली वास्तुकलामा निर्माण गरिएको छ । कम्पाउण्डवालको अर्थात् हाता पर्खालको ढोकाबाट भित्र पस्ने वित्तिकै चार मिटर चौडाइको ढुंगाले छापेको प्राङ्गण आउँछ । त्यस प्राङ्गणबाट नौ वटाको चौघेरा पेटीमा बनेको २५ वटा खुड्किला भएको सिंढी चढेपछि करिब ६० से. मिटर उचाइ र ७० से. मिटर चौडाइको ढुंगाको ठूलो पेटी माथि पुगिन्छ । त्यस पेटीवाट ६.३५ मिटर (अर्थात् २१ फीट १० इन्च) व्यास भएको नौ तल्लाको धरहरा उठाइएको छ । जसको मूल ढोका पूर्वपट्टि फर्केको छ । ढोकाभित्र पस्ने बित्तिकै स्मारक माथि जानको लागि ९० से. मिटर चौडाइ र २०.५ से. मिटर उचाईको घुमौरो सिंढी चढ्नु पर्दछ । जम्मा २१३ सिंढीमध्ये १८८ सिंढीहरू चढी सकेपछि बार्दली भएको आठौं तल्लामा आई पुगिन्छ । त्यहींबाट पूर्वपट्टि भएको ढोकाबाट बार्दलीको चारैतिर घुम्न सकिन्छ । नब्बे से. मिटर चौडाईको उक्त बार्दली एम.एस.आई. ज्वाइष्ट माथि अडाइएको छ । बार्दलीको चौघेरा फलामे रेलिंग ९० से. मिटर उचाईको छ । धरहराको प्रत्येक तल्ला जति जति माथि गयो उति उति आकारमा सानो गरी बनाइएको छ ।

बार्दलीभन्दा माथि २५ सिंढी चढेपछि अन्तिम तथा नवौं तल्लामा पुगिन्छ । जहाँबाट चारै दिशामा भएको खुल्ला झ्यालहरूबाट काठमाडौं उपत्यकाको दृश्य राम्ररी हेर्न सकिन्छ । अन्तिम तथ नवौं तल्लाको माथि गुम्बज बनाई त्यस माथि धातुको सुन मोलम्बा गरेको गजूर राखिएको छ । धरहराभित्र सिंढी अच्दा अँध्यारो नहोस् भन्ने हेतुले प्रत्येक नौ सिंढी माथि ६० से. मिटर (२ फिट) व्यासको गोलो हावा आवत जावत गर्ने प्वालहरू राखिएका छन् । यी प्वालहरूभित्र फराकिलो भई बाहिर साँगुरिएको छ । बार्दलीमा ठाउँ ठाउँमा स्पटलाई (बिजुली) जडान गरिएको छ ।

अठारौं शताव्दीदेखि आजसम्म पनि लेखक तथा कविबहरूको कल्पनालाई समेत प्रभावित गरिरहेको यो स्मारक भीमसेन थापाकालीन नेपाल अठारौं शताव्दीको नेपालको आशा र उमंगको प्रतीक थियो भनी भन्न सकिन्छ । हिन्दू, मुस्लिम र इसाई यी तीन

वास्तुकलाको प्रतिनिधित्व गर्ने यो इमारत काठमाडौं उपत्यकोको मात्र नभई नेपालका नै एउटा "ल्याण्ड मार्क" अर्थात् प्रतीक भने पनि हुन्छ ।

सन्दर्भ ग्रन्थ पुस्तक, पुस्तिका तथा पत्रपत्रिकाहरू

१. पुरातत्त्व विभाग, **धरहरा (भीमसेन स्तम्भ) को संक्षिप्त इतिहास**, (अप्रकाशित) ।

२. श्री ५ को सरकार, संचार मन्त्रालय, सूचना विभाग, **मेचीदेखि महाकाली**, भाग २ काठमाडौं, २०३१, पेज ७३७ ।

३. राणा, ब्रम्ह शम्शेर, **नेपालको महाभूकम्प: १९९० साल**, काठमाडौं, १९९१, पेज ११० ।

४. सुवेदी, राजाराम, नेपालको धरहरा, **प्राचीन नेपाल,** अंक ८०, वर्ष २०४० ।

५. रेग्मी, जगदीचन्द्र, **शाहकालीन कला र वास्तुकला**, काठमाडौं, २०३३, पेज ५४ र ५५ ।

६. वज्राचार्य, धनवज्र, (सम्पादक), **विरत्न सौन्दर्यगाथा**, काठमाडौं, २०१९ पेज २५६ र २५७ ।

७. Jha, Hemant Kumar, Joshi, Kumar Lal, **Dharahara: a historical property** The Rising Nepal, Thursday, 19 August, 1993.

८. जोशी, कुमारलाल, **नेपालको इतिहासको मूक दर्शन, धरहरा**, गोरखापत्र, भाद्र २९ गते शनिवार, २०५० ।

सुन्धारा

नेपाल उपत्यकामा ढुंगेधारा अथवा हिटीमंग अथवा मकरधाराको निर्माण गर्ने परम्परा पूर्व लिच्छविकालमै भएको हुनु धेरै संभव छ। पोखरीको निर्माण कला संगसंगै शक पार्थियनहरूले नै ढुंगेधाराको निर्माण गर्ने प्रचलन नेपालभित्र ल्याएको हुनु पनि धेरै सम्भव छ। यस कुरालाई सन् १९८१ देखि १९९० मा काठमाडौं, हाँडीगाउँमा गरिएका उत्खनन्हरूले पुष्टि गरेको छ।

सुन्धाराकै डुँडमा रहेको सुवर्णपत्र अनुसार यो सुवर्णधारा महारानी ललित त्रिपुरा सुन्दरीले सन् १८२८-१८२९ मा बनाउन लगाएका थिए। त्यसैले काठमाडौंको यो सुन्धारालाई त्रिपुरधारा पनि भनिन्छ। सधैं पानी बगिरहने कलात्मक मकरको मुख भएको धातुको टुटी अथवा जलद्राणीमा सुन मोलम्बा गरी बनाएको धारा हुनाले यो धारा सुन्धारा भनी प्रसिद्ध भएको छ।

सुन्धारा काठमाडौं धरहराको नजिकै उत्तर दिशमा अवस्थित छ। यो धारा दक्षिणाभिमुखी छ। धारा भएको सतहसम्म पुग्न जमीन सतहबाट करिब २५ वटा भरेंगको खुड्किला तल झरेपछि मात्र पुगिन्छ। धाराको सम्पूर्ण भागमा ढुंगा छापिएको छ। बडो सुन्दर ढङ्गबाट चार तहको सतह बनाई सबैभन्दा तल्लो सतहमा धाराहरू राखिएका छन्। उत्तरतर्फको भित्तामा तीन धारा छ भने पूर्व र पश्चिममा एक एक वटा गरी जम्मा पाँच वटा धाराहरू छन्। ती पाँच वटा धाराहरूमध्ये हाल उत्तरतर्फको तीनवटा धाराहरूमा मात्र कलात्मक मकरका टुटीहरू बाँकी छन्। अन्य दुई वटा धाराहरूको टुटी हराइसकेको छ। अन्य धाराहरूभन्दा बीचको धारा धेरै ठूलो र अति नै राम्रो र कलात्मक छ।

सुन्धाराको बीचको मुख्य धारामा मुख बाइरहेको मकर र मकरको मुखभित्र बाछोको टाउको भएको टुटी र यो धारामा बाछोको टाउको माथिबाट टाउको सहितको मयूरको शरीरको आधा भाग उठिरहेको छ। मकरको कान पछाडि मयूरको पुच्छर पनि देखाइएको छ। यसरी यो धारामा मकर, बाछो र मयूरलाई समाविष्ट गरी अति नै कलात्मक ढंगबाट

देखाइएको छ। बीचमा धारामाथि सुन्दर प्रस्तरको गरुडनारायणको मूर्तिलाई सानो मन्दिरनुमा घर बनाई राखिएको छ। त्यसरी नै पूर्वतर्फको धारा माथि गणेश र पश्चिम पट्टिको धारा माथि सूर्य राखिएको छ। बीचको ठूलो धारा मुनि शंख हातमा लिएको भगीरथको मूर्ति छ। यसरी नै पूर्वतर्फको धारा माथि महांकाल र पश्चिम पट्टिको धारा माथि चार हात भएकी देवीको मूर्ति छ। सुन्धाराको बीचमा रहेको तीनवटा धारालाई समकालीन एवं ग्रन्थमा गंगा, यमुना र सरस्वती नदीसंग तुलना गरेको छ।

काठमाडौं उपत्यकाभित्र ठाउँ र आकारको हिसाबले सबैभन्दा विशाल र ठूलो मकरधारा यही नै हो। हाल यसको क्षेत्रफल करिब २ रोपनी ४ आना छ। प्राचीन परम्परा अनुसार शाहकालमा निर्माण गरिएका नेपाली वास्तुकलाको अति उच्चतम् नमूना स्वरूप रहेको यो मकरधाराले शाहकालसम्म पनि नेपालमा उच्च कोटीका वास्तुकलाविद्हरू जीवित थिए भनी प्रमाणित गर्दछ। यो धाराको पानी भित्रभित्रै ढलबाट त्रिपुरेश्वर हुँदै बागमतीमा झर्दछ। केही वर्ष अघि कर्मचारी संचयकोषले नयाँ भवन निर्माण गर्न फलामका पाताहरू धाराको क्षेत्रभन्दा करिब २५ हात उत्तरमा जमीनमुनि गाड्दा धाराबाट पानी बन्द भएको थियो। तर पछिबाट यो निर्माण कार्य बन्द गरिनुका साथै केही ठोकिएको फलामका पाताहरू समेत जमीनबाट बाहिर झिक्दा पुनः केही पानीको संचार हुन थालेको छ। तर त्यसपछि पनि पानीको परिमाण र वेग भने कम हुँदै प्रायः नगण्य नै भएको कुराको स्थानीय बासिन्दाहरूले निकै गुनासो गर्दछन्। हिजोआज समेत जनसाधारणले निकै प्रयोग गर्ने यो धारामा पानीको कमी हुनुको साथै मर्मत संभार नभै दिनाले यो धाराको अवस्था निकै सोचनीय भै सकेको छ।

सन्दर्भ, ग्रन्थ, पुस्तक, पुस्तिका तथा पत्र-पत्रिकाहरू

१. बज्राचार्य, धनबज्र, (सम्पादक), **त्रिरत्न सौन्दर्यगाथा**, काठमाडौं, २०१९ पेज २५९।

२. श्रेष्ठ, कृष्णप्रसाद (सम्पादक), **स्थाननाम कोश**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, २०४४, पेज १६४।

३. रेग्मी, जगदीशचन्द्र, **शाहकालीन कला र वास्तुकला**, काठमाडौं, २०३३, पेज ५५।

४. Recker-Ritterspach, Reimund O. A., Dhunge-Dharas in the Kathmandu Valley - An outline of Their Architetural Development, **Ancient Nepal,** Nos. 116-118, Feb.-July 1990, pp 1-10.

५. Pradhan, Riddhi, Dhunge Dhara: A Case Study of the three Cites of Kathmandu Valley, **Ancient Nepal**, Nos. 116-118, Feb.-July, 1990, pp 10-14.

संकटा

टुँडिखेल वरपर रहेका मुख्य स्मारक एवं धार्मिक स्थलहरूमध्ये संकटा पनि एक हुन् । हुन त यो स्मारक स्थल टुँडिखेलबाट भ्वाट्ट देखिंदैन तर मल्लकालमा भने यो स्मारक स्थल टुँडिखेलको पश्चिम सिमानामा पर्दथ्यो । लिच्छविकालीन चैत्य र अभिलेखहरू संकटाको क्षेत्रभित्र पाइएको हुनाले यो ठाउँले लिच्छविकालमै महत्त्वपूर्ण स्थान ओगटी सकेको प्रतीत हुन्छ । डेनियल राइटको वंशावलीमा टेबहाल र संकटाको मन्दिरको निर्माताको श्रेय लिच्छवि राजा नरेन्द्रदेवलाई दिइएको छ । उक्त वंशावलीमा राजा नरेन्द्रदेवले आफ्नो गुरु बन्धुदत्त आचार्यको लागि यो बहाल र संकटाको मन्दिर निर्माण गरिदिएका थिए भनी उल्लेख गरिएको छ । सोही वंशावली अनुसार बन्धुदत्तले उक्त विहार जसलाई तीर्थ विहार पनि भनिन्छ सो विहारमा पदमान्तक (संकटा) स्थापना गरे भनी उल्लेख गरिएको छ ।

संकटाको मन्दिर रहेको विहार धेरै नामले चिनिन्छ । यस विहारलाई राजकृति महाविहार, शिवदेव संस्कारित श्री तेदो महाविहार, बन्धुदत्त बहा अथवा बन्धुदत्त विहार र ते बहाल आदि । ते बहालको बनौट, स्मारकहरू र कलाकृतिहरूलाई नियालेर हेर्दा यो ठाउँमा प्राचीनकालमा एकभन्दा बढी बिहार तथा स्मारहरू थिए भन्न सकिन्छ ।

टेबहालको दक्षिण पश्चिम कुनामा संकटाको आधुनिक ढाँचाको मन्दिर छ । यो मन्दिरको पूर्वरूप अथवा मौलिक रूप कस्तो थियो त्यो कसैलाई थाहा छैन । हालको मन्दिर दुई तल्ले घरनुमा आकारको छ । समय समयमा जीर्णोद्धार र रंगरोगन गरिने हुनाले मन्दिरको अवस्था राम्रै देखिन्छ । मुख्य मन्दिरभित्र पूर्वपट्टि भित्तामा टाँसिएको संवत् ८३६ (वि. सं. १७७२) को राजा महेन्द्रसिंहको समयको शिलालेख अनुसार त्यस समयमा मन्दिरको जीर्णोद्धार भएको देखिन्छ । त्यस शिलालेखमा पनि श्री परमान्तकाये नमः भन्ने उल्लेख भएबाट संकटा परमान्तक देव हो भनी भन्न सकिन्छ । मन्दिरमा टीनको छाना माथि लहरै पाँचवटा सुन मोलम्बा गरेको गजूर राखिएको छ । छानामा पताः पनि छ ।



मन्दिर उत्तराभिमुखी छ । मन्दिरका सबै टुँड्डालहरू कलात्मक छन् । पंचरक्षा देवीहरूका मूर्तिहरू ती टुँडालहरूमा कुँडिएका छन् । मन्दिरको मुख्य प्रवेशद्वार दक्षिणतर्फ भए तापनि मन्दिरको उत्तरतिरको प्रवेशद्वार माथिको तोरणमा बीचमा संकटा (पदमान्तक) भगवान्को काष्ठमूर्ति छ । उक्त तोरण धेरै पुरानो नभए तापनि नेपाली परम्परा अनुसार मौलिक प्राचीन तोरणलाई नै आधार बनाई त्यसैको हुबहू उतार गरी यो तोरण बनाएको हुनुपर्दछ । उक्त तोरणको सबैभन्दा माथि सिंहहरूको पुच्छर समाती बसेको छेपु छ । बीचमा तीन मुहार भएको पदमान्तक छ । पदमान्तकको बीचको मुहार नीलो छ भने दायाँ, बायाँ पँहेलो र हरियो मुखहरू छन् । पदमान्तकको दायाँ हातमा खड्ग, डण्डा, पुष्प छ भने बायाँ हातमा परशु, पाश र घण्टा छ । प्रतिमालक्षण अनुसार भने यी मुहारका रंगहरू र आयूधहरू पदमान्तमकसंग मेल खाँदैन । पदमान्तकको तीन मुखहरू राता, नीला र सेता हुन्छन् । आयूधहरूमा रातो कमल, तरवार, रत्न र चक्रहरू हुन्छन् र दुई मुख्य हातले आफ्नी शक्तिलाई अंगालो मारिरहेको हुन्छ । मन्दिरको भुईं तल्लामा उत्तर लंगमा पद्मपाणी लोकेश्वरको मूर्ति छ । संकटाको मूर्ति भने ठीक पद्मपाणी लोकेश्वरको मूर्ति माथिको पहिलो तल्लामा छ । यसो भ्वाट्ट हेर्दा कालो तल्किने प्रस्तरको जस्तो देखिने भगवान् संकटाको यो मूर्ति मृणको हो । र यसलाई कालो पालिसद्वारा टल्काइएको छ । बीचको मुहार प्रष्ट देखिने तर दायाँ बायाँको मुहारहरूको केही भाग मात्र देखिने यो भव्य मूर्ति करिब पाँच फुटको छ । भगवान् संकटाको दायाँ हातमा खड्ग छ भने बायाँ हातमा फुलेको कमलको फूल छ । भगवान्को शिर चाँदीका किकिंपाहरूले श्रृंगारिएको छ । शिरमा नै चन्द्र, सूर्य र कपाल भएको श्रीपेच पनि छ । निधारमा खप्परहरू भएको बेताचीको गहना छ । भगवान्को कानमा बाला र गलामा विभिन्न किसिमका हारहरू जस्तै नागपाश, जन्तर, मुण्डमाला, चन्द्रहार, हिराफो आदि छन् । भगवान्को आँखालाई चाँदीको दृष्टि लगाई चम्किलो र आकर्षिक बनाइएको छ । भगवान्को कम्मरभन्दा मुनि कपडाले सधैं छोपी राखेको हुन्छ । भनिन्छ भगवान्को कलेवर फेर्दा समेत पूजारीहरूले नहेरिकन फेर्नु पर्दछ । तान्त्रिक देवता भएको र आफ्नो शक्ति (प्रज्ञा) लाई अंगालो मारी समागम (मैथून) मुद्रामा बसेको हुनाले नै मूर्तिको तल्लो भागलाई पर्दा गरिएको हुन सक्छ । मुख्य कक्षभित्र अन्य देव, देवीका मूर्तिहरू र बायाँतर्फ खड्गयोगिनी र वज्रयोगिनीका मूर्तिहरू छन् । भगवान्को सामुन्ने केही भक्तहरूको स-साना धातुमूर्तिहरू बिनीत मुद्रामा छन् । भगवान्को मूर्तिको ठीक अगाडि भक्तजनहरूको स्पर्शको लागि नौ टाउके सर्पको छत्र ओडाइएको सिंहासनमा भगवान्को सानो चाँदीको पाउ राखिएको छ । मुख्य पूजा कोठामा दशक्रोधका पौभा चित्रहरू राखिएका छन् । ती चित्रहरू अति नै जीर्ण भै सकेका छन् । पूजा कक्षमा २०२७ सालमा ज्योतिरत्न भन्ने व्यक्तिले टायल छापेको भनी कुँडेको अभिलेख छ । पूजा कोठाको चारैतिर स-साना चारपाते टल्कने टायलहरू छापिएका छन् ।

अब प्रश्न उठ्न सक्छ संकटा भगवान् वास्तवमा कुन भगवान् हो । पण्डित बद्रीरत्न बज्राचार्यले यिनलाई पद्मान्तक अर्थात् पश्चिम दिशाको दिकपाल भनी भनेको छ । उहाँको भनाइ अनुसार एघारौं शताब्दीमा राजा नरेन्द्रदेवको समयमा बन्धुदत्त आचार्यले ते बहालमा पदमान्तक अथवा पश्चिम दिशाको दिकपाल स्थापना गरेका थिए । यिनै दिकपाललाई वज्रयानीहरू चन्द्रमहारोषण (अर्थात् अचल) र हिन्दूहरूले संकटा भनी मान्दछन् भनी उनले भनेका छन् । त्यहाँ विद्यमान सत्रौं शताब्दीको दुई वटा अभिलेखहरूले पनि संकटालाई पदमान्तक भनी सम्बोधन गरेको छ । रातो, नीलो, सेता तीन टाउको भएको पश्चिम दिशामा बस्ने (पश्चिम दिशाको रक्षक) ६ हात भएको चार हातले पदम्, तरवार, रत्न चक्र लिने र दुई मुख्य हातहरूले आफ्नी शक्तिलाई अंगालो मारी बस्ने यो देवता नै पदमान्तक हो । हिन्दूहरूले संकटा भनी पूजा गर्ने यो देवतालाई पछि गएर नवदुर्गामध्ये एक दुर्गाको रूपमा पनि पूजा गर्ने परम्परा बस्न थालेको देखिन्छ । स्थानीय पूजारीहरूले संकटालाई बौद्ध भैरवको रूपमा पनि पूजा गर्दछ । उनीहरू संकटालाई शनिश्चर भगवान्को रूपमा पनि पुज्ने गर्दछ । त्यसैले पनि शनिवार खासगरी संकटामा भक्तजनहरूको बढी भीड लाग्ने गर्दछ ।

बन्धुदत्त आचार्यले कामारू कामाक्षा (आसाम) बाट संकटालाई नेपालभित्र ल्याएको घटनालाई संभन प्रत्येक १२/१२ वर्षमा कटुवाल दहदेखि लावालस्कर गई मन्त्र साधन गरी ल्याएको एक जोडी कलशलाई टेबहालमा स्वागत गरी भित्र्याउने चलन यद्यपि चलिनै रहको छ । यसरी एक जोडी कलश, भित्र्याउने चलनले पनि यो देवता शक्ति सहितेको पदमान्तक हुन् भनी भन्न सकिन्छ ।

सन्दर्भ ग्रन्थ, पुस्तक, पुस्तिका तथा पत्र-पत्रिकाहरू

१. Pruscha, Carl, **Kathmandu, Valley: The Preservation of Physical Environment and Cultureal Heritage: A Protective Inventory**, Vienna, 1975, Vol. II, p 27.

२. राजवंशी, शंकरमान्, (सम्पादक), **कान्तिपुर शिलालेख सूची**, राष्ट्रिय अभिलेखालय, काठमाडौं २०२७, पेज ४९, ९३, १५१ ।

३. वज्राचार्य, बद्रीरत्न, न्हापायापिं प्रसिद्ध वज्राचार्यपिं (नेवारी), काठमाडौं, २०२६, पेज ११ र १२ ।

४. मानन्धर, जीतबहादुर, **श्रीगणेशायनमः**, काठमाडौं, २०५१, पेज ८० देखि ८६ ।

५. Locke, John K., Buddhist Monastries of Nepal: A Survey of the Baahas and Bahis of the Kathmandu Valley, Kathmandu, 1985, pp 304-305.

महांकाल भैरव

टुँडिखेलको पश्चिम सिमानामा पश्चिमतर्फ फर्केको महांकाल भैरवको अति सुन्दर मन्दिर छ । तुण्डीभैरव, महांकाल, बज्रभैरव आदि विभिन्न नामले पुकारिने यो नेपालको अति नै प्रसिद्ध अष्टभैरवहरूमध्ये एक हुन् । यो महांकालको स्थापनाको सातौं शताब्दीमा मन्त्रसिद्धि महाविहार अर्थात् सबल बहालका शाश्वतबज्रले गरेका थिए । यसबारे प्रचलित कथा यस प्रकारको छ: एक दिन शाश्वतबज्र घाममा बसी तेल घसिरहेका थिए । सोही बेला आकाशमा ठूलो कालो बादल आई घाम छेकियो । यसरी अकस्मात घाम किन छेकियो भनी शाश्वतबज्रले आकाशतिर हेरे । उनले देखे आकाशमा एउटा ठूलो कालो बादलले घामलाई छेकिरहेको रहेछ । यो बादललाई खसाल्नु पर्‍यो भनी शाश्वतबज्र आफ्नो बिहारबाट निस्के र आगंचपा (टुँडिखेल) मा आई उनले आफ्नो मन्त्र र योगको बलले त्यो कालो बादललाई तल जमीनमा खसाले । बादल खसेको ठाउँमा पुगी हेर्दा त्यस बादलभित्र शाश्वतबज्रले श्री वज्रवीर महांकालको दर्शन पाए । त्यो बादलभित्र बसी महांकाल काशी (बनारस) तिर उड्दै गैरहेका थिए । शाश्वतबज्रले पनि बादल खसेको ठाउँ जसलाई पछि गएर "हाकुपाट" भनिन थाले, त्यही नै बसी श्री बज्रवीर महांकालको ध्यान गरी पञ्चकपाल भन्ने चर्यागीत गाई पूजा आजा गर्न थाले । महांकाल उनको भक्तिभावदेखि खुशी भै उनलाई वर प्रसाद दिई फेरि आकाश मार्गतिर नै लागे । त्यसपछि कलिगत वर्ष ३८२२ (वि. सं. ७७८) मा शाश्वतबज्रले आफूले दर्शन पाएको बज्रवीर महांकालको ध्यानसंग मिल्ने गरी प्रस्तरको एउटा ठूलो महांकालको मूर्ति बनाई त्यहाँ स्थापना गरे ।



नेपालका अति सुन्दर मन्दिरहरूमध्ये एक मानिने यो महांकालको मन्दिर काठमाडौं आउने जोसुकैले पनि देख्ने गरी टुँडिखेलको पश्चिम किनाराको मूलसडकको पूर्वतिर जमीन सतहभन्दा केही उचाईमा छ । यो मन्दिरको तीनै छानाहरू पित्तलपाटाका छन् । छानाहरूमा लहरै झल्लरहरू राखिएका छन् । छानाका चारै कुनाहरूमा पित्तलकै उड्न लागेको

चराहरू र छाना बाहेक तल्लो दुई छानाहरूमा कुंशल बाहेक अन्य टुँडालहरू साधारण काठकै मात्र छन् । मन्दिरको मुख्य प्रांगणभित्र करिब, करिब मध्यभागमा महांकाल भैरवको मन्दिर छ । मन्दिर वरपर चौघेरा सत्तल छ । मन्दिरको चारैतिर दीयो बाल्ने चाक: मतको रेलिंग छ । त्यहाँ प्राप्त एउटा अभिलेख अनुसार संवत् १९४७ मा ले. जनरल अम्बर शम्शेरले मन्दिरमा दीपमाला राखेका थिए भनी उल्लेख गरिएको छ । मन्दिरको दायाँ, बायाँ दुई ठूल-ठूला ढलोटका घण्टाहरू छन् । मन्दिरको पश्चिमोत्तर कुनामा झुण्डयाइएको घण्टाभिलेख अनुसार ई. १८४९ (वि. सं. १९०७) मा काजी कुलमान सिंह बस्नेतले यो घण्टा चढाएको हो । मन्दिरको भित्री प्रवेशद्वारको सामुन्ने एक जोडी धातुका सिंह मूर्ति छ । यी सिंहहरू ई. १८९७ (वि. सं. १९५४) मा चढाइएका हुन् । मन्दिरको भित्री प्रवेशद्वारका पित्तल पाताका खापाहरूमा सुन मोलम्वा गरेको छ । निकै राम्रा र कलात्मक यी खापाहरू संवत् ९४१ (वि. सं. १८७७) मा काठमाडौंका एक मानन्धर परिवारले राखेको कुरा सोही ढोकामा अंकित सुवर्णाक्षरले प्रमाणित गर्दछ । खापामा स-साना महांकाल, नागकन्या, गणेश र अक्षौभ्यका मूर्तिहरू र फूलबुट्टाहरू छन् । भित्री प्रवेशद्वारको ग्वंग:क्व (Wall bracket) हरूमा मकर र अन्य देव, देवीको मूर्तिहरू छन् । यसमा कुँडिएका मूर्तिहरूले कुनै युद्धको सम्झना दिलाउँदछ । ढोकाको फेदमा अर्थात् तल्लो भागमा दुवै तर्फ एउटा खुट्टा उचाली दाहिने हातमा खड्ग र देब्रे हातमा पात्र लिई उभिरहेको एउटा देवमूर्ति छ । भित्री प्रवेशद्वारको दायाँ, बायाँ चन्द्र र सूर्य अंकित ध्वजाहरू छन् । ती पित्तल पाताका ध्वजाहरू वि. सं. १९५८ सालमा महावीर सिं गडतौलाले चढाएका हुन् । उक्त तोरणको मध्यभागमा महांकाल छ र वरपर मकर, नागकन्या र गरुडहरू छन् । गरुडको माथि छत्र छ । मन्दिरको बाहिर पट्टि चारैतिर टायल छापेको छ । यो टायल छाप्ने काम वि. सं. २०३४ मा रत्नकुमारी र न्यायाधीश इच्छाहर्ष बज्राचार्यले गरेका हुन् भनी त्यहीं राखिएको एक अभिलेखबाट थाहा पाइन्छ । मन्दिरको भित्री कक्षका भित्ताहरूमा पनि टायल छापेको छ । सो टायल छाप्ने काम वि. सं. २०२७ सालमा तेजकुमारी क्षेत्रिनीले गरेका हुन् भनी त्यहींको एउटा अभिलेखमा उल्लेख गरिएको छ । मन्दिरको भित्री कक्षमा धेरै साना साना घण्टाहरू पनि छन् । महांकाल भगवान्को दायाँ बायाँ प्रस्तरका पूर्ण कलशहरू पनि राखिएका छन् । भित्री कक्षको दायाँतिरको भित्तामा मनकामना, दक्षिणकाली, गणेश आदिका प्रस्तरका मूर्तिहरू पनि छन् । ई. १९१३ (संवत १९७०) मा प्रधानमन्त्री चन्द्र शम्शेरले यस मन्दिरको चौघेरा सत्तल, चोक, पेटी समेत मर्मत गरी जीर्णोद्धार गरेको थाहा पाइन्छ । त्यसपछि ई. १९६१ (संवत् २०१८) मा श्री ५ महेन्द्रबाट यस मन्दिरको जीर्णोद्धार कार्य भएको थियो ।

करिब साढे छ फुट उचाई भएको कालो प्रस्तरको विशाल र भव्य, देखिन महांकाल भैरवको मूर्तिलाई शिरदेखि पाउसम्म गरगहनाहरूले श्रृंगारिएको छ । शिरमा १२ वटा

नागको उर्धपिंगल केश भएको, मुकुटको मध्यभागमा अक्षोभ्यबुद्ध विराजमान भएको, निधारको दायाँ बायाँ चन्द्र सूर्य र कंकालको पाँचवटा टाउको भएको बेताची लगाएको महांकाल भगवान्ले दुई हातहरूमा दायाँ हातले खट्वांग र बायाँ हातले त्रिशूल सहितको कर्टिक र पात्र धारण गरी उत्तर शिर पारेर उत्तानो परिरहेको पँहेलो वर्ण भएको बेतालको शरीरमाथि आसन गरी उभिरहेको छ । महांकाल भगवान्को शिरमा चाँदीका किंकिंपाहरू छन् । गलामा चाँदीकै मुण्डमाला र नागपाशहरू छन् । कानमा नागकै कुण्डलहरू छन् । भगवान्को पाखुरा, नाडी र खुट्टामा समेत नागको आभूषणहरू छन् ।

महांकाललाई बौद्धधर्मको रक्षकको रूपमा नेपालका सबै बिहारहरूमा स्थापना गरिएको पाइन्छ । भगवान् महांकालको महिमाबारे स्वयं बुद्धले आफ्ना प्रिय शिष्य शारपुत्रलाई वर्णन गरेको कुरा "कविताबदान" नामक जातक पुस्तकमा पाइन्छ । शत्रुनाश गर्ने, कालो र भयंकर शरीर भएको तेजले सारा शरीर धपधप बलेको, राता राता, गोल गोल आँखा भएको, सुन्दर मोटो शरीर भएको, हात खुट्टा मोटो तर छोटो भै पुड्के रूप भएको, जिब्रो बाहिर निकालिरहने, मासु र रगत मनपराउने महाभैरवको रूप धारण गर्ने महांकालबाट अष्टसिद्धिको वरदान प्राप्त हुन्छ भनी स्वयं भगवान् बुद्धले भनेको छ ।

लिच्छविकालदेखि नै महांकाल भैरवको महत्त्व नेपाली समाजमा थियो । मल्लकालमा गएर महांकाललाई हिन्दू र बौद्ध दुवै सम्प्रदायका मानिसहरूले उत्तिकै मान्न थालेको देखिन्छ । नेपाल आउने विदेशी इतिहासकारहरू जस्तै डा. ओल्डफिल्ड र पर्सिभल ल्याण्डनले पनि आ-आफ्नो ग्रन्थहरूमा काठमाडौंको महांकाललाई नेपालको अति नै प्रसिद्ध र सबैले उत्तिकै मान्ने देवता हुन् भनी लेखेका छन् । टुँडिखेलको महांकाल भैरवको वर्षबन्धन श्रावण वदि तृतीयाको दिन गरिन्छ । प्रत्येक शनिवार र मंगलवार अन्य दिनहरूमा भन्दा निकै ठूलो भक्तजनहरूको भीड लाग्दछ । पञ्चमकार चल्ने देवता भए तापनि महांकाललाई बली भने चल्दैन । महांकालको मुख्य पूजामा पाँचवटा पात्रहरूमा रक्सी, जाँड, रातो जाँड, हाँसको फूल र माछा र समेबजी (चिउरा र मासु) राखी पूजा गरिन्छ ।

महांकाल मन्दिरको ठीक सामुन्ने पुरानो सैनिक अस्पताल र साझा पसलको बीचमा केही प्राचीन चैत्य र मूर्तिहरू छन् । यो कुनै प्राचीन विहारको अवशेष हो कि जस्तो देखिन्छ । लिच्छविकालीन चैत्यहरू र केही प्राचीन मूर्तिहरू जस्तै उमामहेश्वरको मूर्ति आदिले यो ठाउँको प्राचीनतालाई स्पष्ट पार्दछ । महांकाल सम्बन्धी एउटा ग्रन्थ अनुसार हाल मन्दिरको पश्चिम भित्तामा सडकतिर देखिने गरी राखिएका प्रस्तरका कलात्मक कलशहरू, दायाँ भित्ताको विष्णुको मूर्ति र बायाँ भित्ताको सरस्वतीको मूर्तिहरू ने. सं. ९८१ (वि. सं. १९१७) मा टुँडिखेलबाट ल्याई यहाँ राखिएका हुन् भनी लेखिएको छ । यिनै भित्ताहरूमा महांकालका मूर्तिहरू पनि दायाँ बायाँ दुवैतर्फ राखिएका छन् ।

महांकालहरू नेपालमा हिन्दूहरूले भैरव अर्थात् शिवको रूपमा र बौद्धमार्गीहरूले बोधिसत्व अवलोकितेश्वरको रूपमा पूजा गर्दछन् । तिब्बत र चीनमा पनि महांकालको पूजा गरिन्छ । नेपालमा महांकाल भैरवलाई शनि देवता र राहुको रूपमा पनि मान्ने चलन छ ।

सन्दर्भ ग्रन्थ, पुस्तक, पुस्तिका तथा पत्र-पत्रिकाहरू:

१. बज्राचार्य, धनबज्र, (सम्पादक), **त्रिरत्न सौन्दर्यगाथा**, काठमाडौं, २०१९, पेज ५७ ।

२. वज्राचार्य, बद्रीरत्न, **तुँख्योमा महाकालयः चतुर्दशी महात्म्य**, काठमाडौं, ने. सं. १०९३, वि. सं. २०२९), पेज १४ देखि २० ।

३. Oilfield, H. Ambrose, **Sketches From Nepal**, Delhi, 1974, Reprinted, Vol. I, p. 110.

४. Landon, Percevel, **Nepal, Vol. I**, Kathmandu 1976 (Reprinted) pp, 195-196.

५. Slusser, Mary Shepherd, **Nepal Mandala: A Cultural Study of the Kathmandu Valley**, Vol. I, Text, Princeton, New jersey, 1982, pp 290-92.

६. रेग्मी, जगदीचन्द्र, **शाहकालीन कला र वास्तुकला**, काठमाडौं, २०३३, पेज १३१ र १३२ ।

७. बज्राचार्य, इच्छाहर्ष, "टुँडिखेलको श्री महांकाल भैरव, **गोरखापत्र**, सोमवार, साउन २१ गते, २०४१, पेज ३ ।

८. Bernier, Ronald H., The Temples of Nepal, New Delhi, 1978 (Second Edition) pp 130-132.

रानीपोखरी

नेपाल उपत्यकाभित्र पोखरी निर्माण गर्ने परम्पराको थालनी इशापूर्व पाँचौं छैटौं शताब्दीतिर नै भैसकेको प्रतीत हुन्छ । हाँडीगाउँ सत्यनारायण मन्दिर नजिकै भएको उत्खनन्ले र त्यहाँ फेला परेका एउटा प्राचीन पोखरीको भग्नावशेषले यस कुराको पुष्टि गर्दछ । इशापूर्वका शताब्दीहरूमा शक पार्थिएनहरूले आफू संगसंगै नेपाल उपत्यकाभित्र ल्याएको यो पोखरी निर्माणकला लिच्छविकाल, मल्लकाल र शाहकालको शुरूसम्म यथावतै चलिनै रहेको थियो । फलस्वरूप नेपाल उपत्यकाभित्र धेरै पोखरीहरू बने ती मध्ये मल्लकालमा बनेका यो "रानीपोखरी" अति प्रसिद्ध छ ।

राजधानी काठमाडौंको मुटुमा रहेको यस ऐतिहासिक पोखरीको निर्माणको श्रेय सत्रौं शताब्दीका ख्याति प्राप्त राजा प्रताप मल्ललाई छ । हुन त जब प्रताप मल्लले यो पोखरी निर्माण गर्न लगाएका थिए त्यसबखत यो पोखरी प्राचीन कान्तिपुरको इलाका पर्खालभन्दा बाहिर पर्दथ्यो । देवमाला वंशावली अनुसार राजा प्रताप मल्लका छोरा चक्रवतेन्द्र मल्ल बहुतै ठूलो राजलक्षणको हुँदा अहोरात्र गद्दीमा बसी परलोक हुँदा मुमा महारानी भुवनलक्ष्मीले बहुतै शोक गरी मृतक छोराको संझनामा एउटा ठूलो पोखरी बनाई पोखरीको बीचमा आफ्ना इष्ट देवता महादेव समेत स्थापना गरी सकल तीर्थको जल र बुढानीलकण्ठको जलले भरी नेपाल संवत् ७९० साल कार्तिक शुक्ल १५ का दिन (इस्वी १६७०) मा प्रतिष्ठा गरेका थिए ।

प्रताप मल्लको राज्यकालमा यो पोखरीलाई "न्हूपुखु" अर्थात् नयाँ पोखरी भनी भनिन्थे । यस पोखरीलाई धेरै समयसम्म पनि "न्हूपुखु" भनी भनिन्थ्यो । रानी भुवनलक्ष्मीले आफ्नो मृतक छोरा चक्रवतेन्द्र मल्लको संझनामा निर्माण गर्न लगाएको हुनाले पछि गएर यो पोखरीलाई "रानीपोखरी" भनी भन्न थालेको भन्ने बुझिन्छ । यो पोखरीको निर्माण कार्य ने. सं. ७८५ (इस्वी १६६५) मा शुरू गरी ने. सं. ७९० मा पूरा गरिएको थियो । पूरा पाँच वर्षको समय लगाएर निर्माण गरिएको



यस पोखरीको लम्बाई १८० मिटर र चौडाई १४० मिटर छ। रानीपोखरीको हालको क्षेत्रफल ६२ रोपनी १३ आना २ पैसा २ दाम छ।

यो पोखरीको महत्त्वलाई अभिवृद्धि गर्न पोखरीको बीचैमा एउटा सुन्दर शिव मन्दिर बनाइएको छ र पश्चिम किनाराबाट त्यहाँसम्म पुग्ने मूल बाटो पनि छ। धेरै संभव छ शुरूमा निर्माण हुँदा यो मन्दिर नेपाली परम्परागत छाने शैलीको शिव मन्दिर थियो। यस कुरालाई रानीपोखरी सम्बन्धी प्रताप मल्लको अभिलेखहरूले पनि पुष्टि गर्दछ। रानीपोखरीको चारैतिर राखिएका (हालसम्म तीनवटा प्राप्त भैसकेको यी प्रताप मल्लका अभिलेखहरूमा रानीपोखरीको इलाकालाई "परमेश्वर परमेश्वरी ब्रम्हभूमि" भनी भनिएका छन्। कालान्तरमा जीर्ण अवस्थामा रहेको यस पोखरीलाई राणा प्रधानमन्त्री जङ्गबहादुरले सन् १९५१ मा मर्मत संभार गरी यस शिव मन्दिरको मौलिक रूपमा विगारी गुम्बज शैलीको मन्दिर बनाएको देखिन्छ। यसै समय पोखरीलाई बाहिरबाट नदेख्ने गरी पोखरीको चारैतिर अग्ला अग्ला पर्खाल बनाई दिएका थिए। यस कुराको पुष्टि जंगबहादुरको समयमा नेपाल आएका डा. ओलफिल्डले पोखरीको हाता पर्खाल भत्किएको हुनाले प्रधानमन्त्री जुद्ध शम्शेरले हाल देखा परिरहेको फलामे रेलिंग (बार) राख्न लगाएका थिए। संवत् १९९० को महाभूकम्पपछि प्रधानमन्त्री जुद्ध शम्शेरले रानीपोखरी र मन्दिरहरूलाई हालको रूप दिएको हो। रानीपोखरी र शिव मन्दिरको पछिल्लो पटकको जीर्णोद्धार सन् १९५६ (वि. सं. २०१३) मा भएको थियो।

रानीपोखरी र शिव मन्दिर निर्माण गर्नुको साथसाथै पोखरीको चार दिशामा पर्ने गरी चारवटा स-साना मन्दिरहरू हालको स्वरूप मौलिक स्वरूपसंग मिल्दैन। यी स-साना मन्दिरहरूमध्ये उत्तर पश्चिम कुनामा भैरव, उत्तर पूर्व कुनामा पनि भैरव, दक्षिण पूर्व कुनामा महालक्ष्मी (दुर्गा) र दक्षिण पश्चिम कुनामा अति प्रसिद्ध सोह्र हात भएको गणेश छन्।

रानीपोखरीको महत्त्वलाई राजा प्रताप मल्लले ने. सं. ७९० मा स्थापना गरेको माधव नारायणको प्रस्तर मूर्तिले पनि पुष्टि गर्दछ। पोखरीको उत्तर किनामा मल्लले उक्त नारायणको मूर्ति आफ्ना प्यारा छोरा चक्रवतेन्द्र मल्लको संभनामा राख्न लगाएका थिए। उक्त पादपीठ अभिलेखमा रानीपोखरीको महत्त्वलाई यसरी दर्शाएको छ। "गंगा शोणसरस्वती च यमुना गोदावरी गण्डकी कावेरी किल कौशिकी च सरितां पत्यादि पूण्योदकै। या सम्यक् परिपूरिता त्रिभुवनेख्याता सुयज्ञोत्सवै रम्या सैवा मुनीन्द्रदेव मनुजैस्संस (से) व्यते सर्ब्बदा"। अर्थात् जुन पोखरीमा गंगा, शोण (सोन) सरस्वती, यमुना, गोदावरी, गण्डकी, कावेरी, कौशिकी र समुद्रे जस्ता पवित्र जलले भरिएको छ। असल यज्ञका उत्सवहरू गरिएर प्रतिष्ठा गरिएको हुनाले तीनै लोकमा प्रख्यात भएको छ। यस्तो

राम्रो पोखरीको सेवा मुनि, देवता र मानिसहरू नित्य गर्दछन । सोही अभिलेखमा यस पोखरीको महिमाको वर्णन गर्दै भनिएको छ । "यस्यांपुण्योदकाया विविध फणि मणि श्रेणि विद्योतितायां" अर्थात् थरी थरीका फण भएका नागहरूको रत्नहरूले प्रज्ज्वलित भएको ..... आदि । साथै स्वयं राजा प्रताप मल्लले रचेको एउटा गीतमा यस पोखरीलाई बनारसको गंगाजीसंग तुलना गरेको छ ।

रानीपोखरीको अर्को महत्त्वपूर्ण स्मारक पोखरीको दक्षिण किनारामा रहेको हात्तीको शालिक हो । एउटा ठूलो प्रस्तरको हात्ती बनाई सो हात्तीमाथि राजा प्रताप मल्ल र दुई छोराहरू महीपतेन्द्र मल्ल र चक्रवतेन्द्र मल्लका शालिकहरू राखिएका छन् । सो हात्तीको काँधको दुवैतिर अभिलेखहरू अंकित छन् । तर ती अभिलेखहरू धेरै जीर्ण भैसकेकोले पढ्न भने सकिंदैन । यो शालिक पनि संवत् १९९० को महाभूकम्पमा भत्की पाताल भएको थियो । यसको पुनः प्रधानमन्त्री जुद्ध शम्शेरले जीर्णोद्धार गर्न लगाएको थिए । यसै हात्तीको शालिक नजिकै राजा प्रताप मल्लले आफ्नो अन्य एक राजकुमार महीपतेन्द्र मल्लको युवावस्थामा नै मृत्यु भएकोले उनको सम्झनामा एउटा घुमाउरो पाटी जुन पाटी धेरै पछिसम्म पनि हात्तीपाटीको नामले प्रख्यात थियो सो पाटी र त्यहीं नै एक सानो शिव मन्दिर पनि बनाएको थिए । हाल यो पाटी भत्काई पसल कवलहरू निर्माण गरिएका छन् ।

रानीपोखरीको धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्वलाई सो पोखरीको इलाकाभन्दा केही बाहिर चारै दिशामा (हालसम्म तीनवटा प्राप्त भैसकेको छ) चारवटा राजा प्रताप मल्लले राखेको संवत् ७९० को अभिलेखहरूले पनि पुष्टि गर्दछ । यी अभिलेखहरू भाषा र राष्ट्रियताको दष्टिकोणले पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छन् । इतिहासकार धनबज्र बज्राचार्यको भनाइ अनुसार यी अभिलेखहरू रानीपोखरी नेपालको एक पवित्र पोखरी बनोस्, यस पोखरीको महत्त्व बुझी यहाँ नेवारहरू मात्र होइन, नेपालका अरू (समुदायका मानिस) हरू पनि आई स्नान गर्न आउन् भन्ने प्रताप मल्ल चाहन्थे । यसकारण नेपाली भाषामा अभिलेख कुँडाई सबैको दृष्टि परोस् भनी चारैतिर राख्न लगाइएका थिए । यी अभिलेहरूमा नेपाली, नेवारी र संस्कृत तीनैवटा भाषाहरू प्रयोग गरिएका छन् । उक्त अभिलेखमा रानीपोखरीको क्षेत्रलाई "परमेश्वर परमेश्वरो ब्रम्हभूमि" भनी भनिएको छ । साथै सो पोखरीको इलाकाभित्र आत्महत्या गर्नु र अन्य पापहरू गर्नु हुँदैन भनी बंचित गरिएको छ । उक्त पोखरीको पवित्रता र पुण्यसलिला बनारसको गंगाजलदेखि लिएर नेपालका विभिन्न नदी, नाला, तीर्थ, कुण्ड, दह आदिका जलद्वारा गरिएका थिए भन्ने कुरा पनि ती अभिलेखहरूबाट थाहा पाइन्छ । अठारौं शताब्दीको एक ग्रन्थ अनुसार रानीपोखरीमा भक्तजनहरूले नुहाउन चारैतिर सिंढीहरू बनाएका थिए । पोखरीलाई राम्रो र आकर्षित बनाउन पोखरीमा नानाथरीका माछा, कछुवा छाडिएका थिए । पोखरीमा रंगी, विरंगी कमलका फूलहरू थिए । देवमाला वंशावली अनुसार यो पोखरी सफा

गर्न पानी सुकाउँदा ७ वटा इनार देखा परेको थियो ।

शुरू शुरूमा पवित्र तीर्थस्थलको रूपमा विकास भएको रानीपोखरी क्षेत्र पछि गएर भूत, पिशाच जस्ता खराब वायूहरू बस्ने थलो हुन गयो । धेरै मानिसहरूले पोखरीमा आत्महत्या गरेर पोखरीको पवित्रता र स्वच्छता माथि ठूलो आघात पुऱ्याएको देखिन्छ । जुन कुराको परिकल्पना गरी प्रताप मल्ले यो पोखरीको निर्माण गर्न लगाएको थिए पछि गएर त्यो पूरा हुन सकेन । शताब्दियौंदेखि यहाँ कसैले पनि स्नान गरेको छैन । यहाँ स्नान गर्ने परम्परा राणाकालको शुरूमै हराई सकेको प्रतीत हुन्छ । हाल वर्षमा एकदिन भाइटीकाको दिन पोखरीको मध्यभागमा रहेको भिमेश्वर महादेव मन्दिरभित्र रहेको गोपालजीलाई भाइ नहुने दिदीबहिनीहरूले पूजा गर्ने हुनाले सो एकदिन जो कोही पनि पश्चिमतर्फको ढोकाबाट मन्दिसम्म पुलको बाटो गरी जान सक्दछ । यसरी कुनै समयमा नेपाली जनजीवन, धर्म, लोक संस्कृति र साहित्यसंग घनिष्ठ सम्वन्ध राख्ने रानीपोखरी आज आएर काठमाडौंको एउटा शोभाको रूपमा मात्र बसेको छ । यसको समुचित संरक्षण र सुधार हुनु आवश्यक छ र यसलाई जनोपयोगी काममा लगाउन सके झन् सुनमा सुगन्ध हुने कुरामा कसैको दुइमत नहोला ।

सन्दर्भ ग्रन्थ, पुस्तक, पुस्तिका तथा पत्र-पत्रिकाहरू:

१. राजवंशी, शंकरमान्, **रानीपोखरीको इतिहास**, काठमाडौं २०५० ।

२. बज्राचार्य, धनबज्र (सम्पादक), **त्रिरत्न सौन्दर्यगाथा**, काठमाडौं, २०१९, पेज २५७ ।

३. राणा, ब्रम्ह शम्शेर **नेपालको महाभूकम्प: १९९० साल**, काठमाडौं, १९९१, पेज ११४ ।

४. श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, **मेचीदेखि महाकाली**, भाग २, काठमाडौं २०३१ पेज ७३७ ।

५. Oldfield, Ambrose, H. **Sketches from Nepal**, Vol I & II, Delhi, 1979 (Reprinted Vol. I, p 111.

६. Slusser, Mary Shepherd, **Nepal Mandala: A Cultural Study of the Kathmandu Valley**, Vol I, (Text) Princeton, New Jersey, 1982, p 157.

७. अमात्य, साफल्य, **रानीपोखरीको इतिवृत**, गोरखापत्र, साउन १३ गते, २०५२, शनिवार ।

८. राजवंशी, शंकरमान (सम्पादक), **पुरातत्त्व पत्र संग्रह (भाग-१)** काठमाडौं, २०१६, पेज १ देखि ५ ।